सन्धिखर्क नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**सन्धिखर्क, अर्घाखाँची**

**प्रदेश नं. ५, नेपाल**

प.स. २०७६/७७

च.नं. १८४३

मिति: २०७६/१२/२७

सन्धिखर्क नगरपालिकाका कर्मचारीहरु सबै ।

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं ४१६ मिति २०७६/१२/२६ को पत्र यसै साथ संलग्न छ । सो पत्रको व्यहोरा अवगत गरी पत्रमा निर्दिष्ट गरिएका कामहरु गर्नु गराउनु हुन जानकारी गरान्छ ।

( **जीवन ज्ञवाली** )
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत

# नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(कर्मचारी प्रशासन महाशाखा)

सिंहदरबार, काठमाडौं ।

फोन नं: ०१-४२००५११

प सं: कि.वि.प्र. २०७६।७७

च नं: ४१६

मिति: २०७६।१२।२६

श्री राष्ट्रसेवक कर्मचारीहरु (सबै) ।

विषय: COVID-19 को रोकथाम तथा नियन्त्रणको लागि आवश्यक सक्रियता अपनाउने सम्बन्धमा।

विश्वव्यापी महामारीको रुपमा फैलिएको COVID-19 को रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारले गरेको लकडाउनको कारण अति आवश्यक सेवा प्रदान गर्ने निकायमा कार्यरत बाहेकका अधिकांश राष्ट्रसेवकहरु घरमै रहनु भएको सन्दर्भमा नेपाल सरकारले लागू गरेको लकडाउनलाई प्रभावकारी बनाउन सबै राष्ट्रसेवकहरुले देहाय बमोजिम गर्नु गराउनु हुन यस मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०७६।१२।२६ को निर्णय अनुसार अनुरोध छः

(क) आफूभन्दा एक तह माथिको कर्मचारीसँग नियमित सम्पर्कमा रहने ।

(ख) टेलिफोन, इन्टरनेट जस्ता सूचना प्रविधिका साधनहरु प्रयोग गरी घरमै बसेर गर्न सकिने कार्यहरु कार्यालय प्रमुख तथा सुपरिवेक्षकसँग समन्वय गरी सम्पादन गर्ने ।

(ग) COVID-19 भाइरसबाट आफू सुरक्षित रहने तथा आफ्नो परिवारका सदस्य र आफ्नो सम्पर्कमा रहेका व्यक्तिहरुलाई नेपाल सरकारले दिएका निर्देशनको पूर्ण पालना गर्न सहयोग र सहजीकरण गर्ने ।

(घ) आफू बसेको स्थान वरिपरि लकडाउन लागू भएको मितिपछि COVID- 19 प्रभावित स्थानबाट आएको व्यक्ति अनावश्यक घुमफिर गरेको पाइएमा निजलाई क्वारेण्टाइनमा बस्न अनुरोध गर्ने र त्यसरी अनुरोध गर्दा पनि कुनै व्यक्ति क्वारेण्टाइनमा नबसी बाहिर हिंडडुल गरेको पाइएमा सम्बन्धित वडा कार्यालयमा जानकारी गराउने ।साथै सोको सूचना जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयलाई समेत गराउने ।

(ङ) कुनै व्यक्तिमा COVID-19 सँग मिल्दोजुल्दो लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जान अनुरोध गर्ने तथा आवश्यक परेको अवस्थामा वडा कार्यालय वा गाउँपालिका तथा नगरपालिकामा खबर गर्ने ।

# नेपाल सरकार
## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(कर्मचारी प्रशासन महाशाखा)

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

सिंहदरबार, काठमाडौं।
फोन नं: ०१-४२००५११

प सं:
च नं:

(च) नेपाल सरकारका निकाय तथा स्थानीय तहबाट सञ्चालन गरिएका लगत सङ्कलन, राहत वितरण जस्ता कार्यमा सहयोग पुर्याउने ।

(छ) दैनिक उपभोगका वस्तुहरुको मूल्य अस्वाभाविक रुपमा बढेको पाइएमा सोको जानकारी वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग/कार्यालय/प्रमुख जिल्ला अधिकारी/स्थानीय तह/नजिकको प्रहरी एकाइलाई जानकारी गराउने ।

(ज) अनावश्यक रुपमा कुनै व्यक्तिहरुलाई घरबाहिर ननिस्किन अनुरोध गर्ने । साथै, अत्यावश्यक कामको लागि घरबाहिर निस्कँदा मास्कको प्रयोग गर्ने, सामाजिक दूरी कायम गर्ने तथा आफ्नो सम्पर्कका अन्य व्यक्तिहरुलाई समेत मास्कको प्रयोग गर्न र सामाजिक दूरी कायम गर्न प्रोत्साहन गर्ने।कुनै व्यक्तिले यी विषयहरु पालना नगरेको अवस्थामा स्थानीय तह वा नजिकको प्रहरी एकाइलाई खबर गर्ने ।

(झ) दैनिक उपभोग्य वस्तुहरु बिक्री वितरण गर्ने स्थानमा सामाजिक दूरी कायम गर्ने व्यवस्था भए नभएको हेरी नभएको पाइएमा त्यस्तो दूरी कायम गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने र सो बमोजिम नगरेको पाइएमा स्थानीय तह वा प्रहरी एकाइमा सूचना दिने ।

(ञ) दैनिक उपभोग्य सामग्रीहरुको अभाव हुनसक्ने अवस्थालाई मध्येनजर गरी यस्ता वस्तुहरुको मितव्ययी प्रयोग गर्ने तथा अन्य व्यक्तिहरुलाई मितव्ययी बन्न अनुरोध गर्ने ।

(बाबुराम अधिकारी)
सह सचिव

बोधार्थ:

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार।
श्री गृह मन्त्रालय, सिंहदरबार।

# नेपाल सरकार
## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(कर्मचारी प्रशासन महाशाखा)

सिंहदरबार, काठमाडौं।
फोन नं: ०१-४२००५११

प सं:
च नं:

(च) नेपाल सरकारका निकाय तथा स्थानीय तहबाट सञ्चालन गरिएका लगत सङ्कलन, राहत वितरण जस्ता कार्यमा सहयोग पुर्याउने ।

(छ) दैनिक उपभोगका वस्तुहरुको मूल्य अस्वाभाविक रुपमा बढेको पाइएमा सोको जानकारी वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग/कार्यालय/प्रमुख जिल्ला अधिकारी/स्थानीय तह/नजिकको प्रहरी एकाइलाई जानकारी गराउने ।

(ज) अनावश्यक रुपमा कुनै व्यक्तिहरुलाई घरबाहिर ननिस्किन अनुरोध गर्ने । साथै, अत्यावश्यक कामको लागि घरबाहिर निस्कँदा मास्कको प्रयोग गर्ने, सामाजिक दूरी कायम गर्ने तथा आफ्नो सम्पर्कका अन्य व्यक्तिहरुलाई समेत मास्कको प्रयोग गर्न र सामाजिक दूरी कायम गर्न प्रोत्साहन गर्ने। कुनै व्यक्तिले यी विषयहरु पालना नगरेको अवस्थामा स्थानीय तह वा नजिकको प्रहरी एकाइलाई खबर गर्ने ।

(झ) दैनिक उपभोग्य वस्तुहरु बिक्री वितरण गर्ने स्थानमा सामाजिक दूरी कायम गर्ने व्यवस्था भए नभएको हेरी नभएको पाइएमा त्यस्तो दूरी कायम गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने र सो बमोजिम नगरेको पाइएमा स्थानीय तह वा प्रहरी एकाइमा सूचना दिने ।

(ञ) दैनिक उपभोग्य सामग्रीहरुको अभाव हुनसक्ने अवस्थालाई मध्येनजर गरी यस्ता वस्तुहरुको मितव्ययी प्रयोग गर्ने तथा अन्य व्यक्तिहरुलाई मितव्ययी बन्न अनुरोध गर्ने ।

..........................
(बाबुराम अधिकारी)
सह सचिव

<u>बोधार्थ:</u>
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार।
श्री गृह मन्त्रालय, सिंहदरबार।